# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
चलानी नं. : १३६४

मिति : २०८१।०१।०३

विषय : **शुल्क सम्बन्धि व्यवस्था कार्यान्वयन सम्वन्धमा।**

श्री संस्थागत तथा सार्वजनिक शैक्षिक गुठी विद्यालयहरु, सबै,
क्षिरेश्वरनाथ नगरपालिका, धनुषा।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०८०।१२।३० गतेको निर्णयानुसार यस क्षीरेश्वरनाथ नगरपालिका, धनुषा अन्तर्गत संचालित सबै निजी लगानीका (संस्थागत) विद्यालयहरु तथा सार्वजानिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयले संघीय शिक्षा नियमावली २०५९ को नियम १४६ र १४७, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ को दफा २७ को उपदफा ३, नगर शिक्षा ऐन २०७५, संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ एवम् संघीय श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको संस्थागत विद्यालय शुल्क निर्धारण एवम् छात्रवृत्ति सम्बन्धि अनुरोध पत्र अनुसार यस क्षिरेश्वरनाथ नगरपालिका अन्तर्गत संचालित निजी लगानीका (संस्थागत) विद्यालयहरु र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयले शैक्षिक सत्र २०८१ बाट तपसिलमा उल्लेख भए बमोजिम विद्यालयले अभिभावकबाट लिन पाउने शुल्कको अधिकतम सीमा तय गर्ने तथा यस अनुसार कार्यान्वयन नभएको खण्डमा, संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १६ (१) अनुसार आवश्यक कारबाही प्रकृया अगाडी बढाइने निर्णय भएकोले सोको कार्यान्वयनका लागि अनुरोध छ।

**तपसिल**

| क्र.सं. | विद्यालयले शुल्क लिन पाउने शीर्षकहरु | अधिकतम शुल्क सीमा* | शुल्क सीमाका थप आधारहरु | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक पढाई शुल्क | पुर्व प्राथमिक कक्षाको लागि रु.१५००।- | - प्रतिकक्षा कक्षा १-५ मा अधिकतम रु.१००।-, ६-८ मा अधिकतम रु.२००।- र ९-१२ मा अधिकतम रु.३००।- का दरले बढाउन सकिने छ। | |
| २ | खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार शुल्क | रु.३०००।- | - कुल २ महिनाको पढाई शुल्क भन्दा अधिकतम हुन नहुने। | |
| ३ | भर्ना शुल्क | रु. १५००।- | - विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाई शुल्कको १ महिनाको शुल्कमा नबढ्ने गरी मात्र। | |
| ४ | परीक्षा शुल्क | रु. ७५०।- | - विद्यालयमा संचालन हुने आन्तरिक तथा बाह्य परीक्षाहरुको शुल्क बापत मासिक शुल्कको ५०% बराबर मात्र। | |
| ५ | कम्प्युटर शिक्षा शुल्क | रु. २५०।- | - कम्प्युटर कक्षा संचालन गरेको भए मात्र। | |
| ६ | स्थानान्तरण प्रमाणपत्र शुल्क | रु. १५००।- | - विद्यालय छोड्ने समयमा स्थानान्तरण प्रमाणपत्र दिदाँ मात्र। | |

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
चलानी नं. : १३६४

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विशेष प्रशिक्षण (जुडो, मार्शल आर्ट, पौडी, गायन, नृत्य) शुल्क | रु. १०००/- | - | तोकिए अनुसार विशेष प्रशिक्षण गराए बापत मात्र । | |
| ८ | शैक्षिक सामाग्री शुल्क | रु. १५०/- | - | मासिक शुल्कको १०% बराबरको रकम वर्षमा एक पटक मात्र । यस अनुसार उठाएको रकमको ७०% रकम सोही कक्षाको लागि र बाँकी ३०% रकम स्थायी प्रकृतिका शैक्षिक सामाग्री खरिद गर्न खर्च गर्नु पर्नेछ । | |
| १० | परिवहन शुल्क | | - | नेपमल सरकारले प्रति km तोकेको दररेट अनुसार । | |
| ११ | आवास, खाजा तथा खाना शुल्क | रु. १३०००/- | - | तोकिए अनुसार सेवा उपलब्ध गराए बापत मात्र । | |

* माथी तोकिएको अधिकतम शुल्क पुर्व प्राथमिक कक्षाहरुको आधारमा निर्धारण गरिएको हो र यो विवरण विद्यालय वर्गिकरण पश्चात वर्ग अनुसार पुन संशोधन गरिनेछ ।

**द्रष्टव्य : शुल्क निर्धारण सम्बन्धि देहाय अनुसार समेत गर्ने/गराउने :**

१. माथी उल्लेखि भए बाहेक नगरपालिका तथा अन्य निकायबाट तोकिएका रजिष्ट्रेशन शुल्क एवम् परीक्षा आवेदन शुल्क सम्बन्धित विद्यार्थीबाट लिन सकिने छ ।
२. माथी उल्लेख भएका शीर्षक बाहेक अन्य कुनै पनि शीर्षकमा अभिभावकसँग शुल्क लिन पाइने छैन् ।
३. माथी उल्लेख भएका शीर्षकहरुबाट विद्यालयले लिने शुल्क विद्यालय संचालक तथा व्यवस्थापन समितिको निर्णयानुसार अभिभावकहरुको भेलाबाट अनुमोदन गराई विद्यालयको सूचना पाटी मार्फत सार्वजानिक गर्नु पर्नेछ ।
४. माथी उल्लेख भएका शीर्षकहरुका सेवा/सुबिधा उपलब्ध गराएको अवस्थामा मात्र तोकिएको शुल्क सीमा भित्र रही शुल्क लिनु पर्ने छ ।
५. वार्षिक शुल्कको रकम खर्च गर्दा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.२ अनुसार तोकिएको अनुपातमा विनियोजन गरी खर्च गर्ने ।
६. यस अनुसार निर्धारण गरिएको शुल्क कार्यान्वयन भए नभएको अनुगमन गर्ने प्रमुख जिम्मेवारी नगर शिक्षा समितिका पदाधिकारी तथा कर्मचारीहरुको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वडा कार्यालयहरु, सबै क्षिरेश्वरनाथ नगरपालिका, धनुषा-आवश्यक समन्वय गरिदिनु हुन् ।
श्री सूचना तथा प्रविधि शाखा, क्षिरेश्वरनाथ नगरपालिका, धनुषा-सूचना वेवसाइट र सामाजिक सञ्जालमा अपलोड गरिदिनु हुन ।

Email : edu.kshireshwornathmun@gmail.com Website:kshireshwornathmun.gov.np